# राजनीतिक दलहरू वार्ताप्रक्रियामा संलग्न भएको भए परिणाममुखी हुनसक्थ्यो

*प्रदीप ज्ञवाली*

केन्द्रीय समिति सदस्य, नेकपा एमाले

म हरि रोकाको कार्यपत्रको दफा-दफामाथि टिप्पणी गर्न चाहन्न । यसमा थप्नुपर्ने र अझ बढी जोड दिनुपर्ने केही कुराहरू मात्र राख्न चाहन्छु। राजनीतिक सम्झौताको कुरा गर्दा २००७ सालको सम्झौता सबभन्दा महत्वपूर्ण हो जस्तो मलाई लाग्छ। राजा त्रिभुवनबाट भएको संविधानसभाको घोषणा नेपालको इतिहासमै जनतालाई सबभन्दा बढी शक्तिशाली बनाउने एउटा घटना थियो । त्यो घोषणा कार्यान्वयन नहुनु बेग्लै प्रसङ्ग हो। देशबाट भागेर गएका राजा कसरी त्यति छोटो समयमा नै शक्तिशाली भए र आन्दोलनकारी शक्तिहरूचाहिँ कसरी कमजोर भए भन्ने प्रश्न महत्वपूर्ण छ।

हरि रोकाले भनेजस्तै २०४६ सालको आन्दोलनमा काङ्ग्रेसलगायत अरू केही राजनीतिक दलहरू आन्दोलनको माग, संविधान निर्माणको प्रक्रिया र यसको अन्तर्वस्तु बारे सुरुमा प्रष्ट थिएनन्। बहुदलको अमूर्त कुरामा सीमित थिए । जनताको शक्ति र सहभागिता बढ्दै जाँदा

आन्दोलनका सीमाहरू भत्किँदै गए । आन्दोलनकारी दलका नेताहरूले २०४६ साल चैत्र २६ गते राजासँग सम्झौता गरेपछि पनि जनताले आन्दोलन जारी राखे ।

२०४६ सालको परिवर्तनले जनतालाई शक्तिशाली बनाएको थियो । तर अहिले परिस्थिति फेरिएको छ । अधिकार खोसिएको दरबार फेरि झम्टिनका लागि सुरुदेखि नै आन्तरिक तयारीमा लागेको थियो । यो कुरालाई ध्यानमा राखेर आन्दोलनकारी शक्तिहरूले प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न निश्चित समयसम्म सहकार्य गरेर जानुपर्थ्यो । सहकार्य गरेर आन्दोलनको भावना अनुसार आर्थिक, सामाजिक रूपान्तरणमा लाग्न सकेको भए सायद अहिलेको सङ्कटलाई टार्न सकिन्थ्यो । तर त्यसो भएन । सुरुदेखि नै आन्दोलनकारी शक्तिहरूमा कटुता उत्पन्न भयो र एकले अर्कालाई पछार्न दरबारलाई उपयोग गर्ने खालका मानसिकताहरू विकास भए । हामी (एमाले) ले लोकेन्द्रबहादुर चन्दलाई काँध हाल्यौं । काङ्ग्रेसले सूर्यबहादुर थापालाई काँध हाल्यो । आन्दोलनकारी शक्तिहरूबीच द्वन्द्व चर्काउन दरबारले सहयोगी भूमिका खेल्यो । यसले गर्दा आज राजा सक्रिय हुने आधारहरू निर्माण भए ।

माओवादी विद्रोह र त्यसलाई सम्हाल्ने प्रयत्नहरूको सन्दर्भमा एउटा कुरामा अझै पर्याप्त बहस होस् भन्ने म चाहन्छु । माओवादीहरूले हतियार उठाउनको निम्ति २०५२ सालको ज्यादै प्रतिकूल समयलाई कसरी चयन गरे ? मार्क्सवादी सिद्धान्त अनुसार सशस्त्र आन्दोलन त्यतिबेला सुरु गरिन्छ जतिबेला पुरानो सत्ताका सीमाहरू राम्रैसँग बाहिर देखिइसकेका हुन्छन् र त्यसबाट अगाडि बढ्न सकिन्न भन्ने प्रष्ट भैसकेको हुन्छ । तर २०५२ साल फागुन १ गते जनयुद्ध सुरुहुँदा त्यो स्थिति थिएन । संसदीय व्यवस्थाका सीमाहरू उदाङ्गो भैसकेका

थिएनन् । यो व्यवस्था अन्तर्गत नै सामाजिक, आर्थिक रूपान्तरण गर्नको लागि केही ठाउँ बाँकी नै थियो ।

दोस्रो, नेकपा एमालेले लोकप्रिय जनादेशबाट सरकार चलाएर माथिबाट पनि केही कामहरू गर्न सकिन्छ भन्ने देखाइसकेको थियो । माओवादीहरूको विश्लेषणअनुसार पनि अन्तर्राष्ट्रिय परिस्थिति प्रतिकूल थियो। सोभियत युनियनको विघटन, पूर्वी युरोपमा समाजवादी व्यवस्थाको पतन, चीनमा प्रतिक्रान्ति (माओवादीको शब्दमा), पेरुको जनयुद्धमा धक्काजस्ता कुराहरूले गर्दा अन्तर्राष्ट्रिय परिस्थिति सशस्त्र आन्दोलनको लागि अनुकूल थिएन । यत्रो प्रतिकूलताको बावजुद् माओवादीले किन यही समय छनौट गरे भन्ने बारे व्यापक छलफल हुनुपर्छ ।

तर केही टिप्पणीकारहरूले भन्ने गरे जस्तो, माओवादीको त्यो कदम संसदीय व्यवस्था विरुद्ध गरिएको षडयन्त्र थियो भन्ने मलाई लाग्दैन । बरु दुर्भाग्य के भयो भने निकै कमजोर जगमा उभिएको माओवादी जनयुद्धलाई प्रशस्तमात्रामा मलजल हाल्ने काम जिम्मेवार राजनीतिक शक्तिहरूले नै गरे ।

माओवादी जनयुद्ध फस्टाउनमा अरू पनि धेरै कारणहरू छन् । पहिलो, २०४६ सालको आन्दोलनले जनताका अपेक्षाहरू धेरै जगायो तर त्यस अनुरूपको सामाजिक, आर्थिक रूपान्तरण हुन सकेन । जनतामा विस्तारै एक खालको नैराश्य र छटपटी सुरु भयो । जनयुद्धका लागि सबभन्दा बढी ऊर्जा त्यसबाट प्राप्त भयो ।

दोस्रो, राजनीतिमा सर्वसत्तावाद र असहिष्णुता व्याप्त भयो । माओवादीहरूले जनयुद्धको तयारीको लागि सिज (सिस्नेरी लेक र जलजला पहाडको छोटकरी नाम) सांस्कृतिक अभियान चलाए । त्यो

अभियानमाथि सरकारले चरम दमन गऱ्यो । त्यसले मानिसहरूलाई अब शान्तिपूर्ण रूपले अगाडि बढ्ने बाटो बन्द भयो, हतियार उठाउनु बाहेक अर्को विकल्प छैन भन्ने सन्देश दियो ।

तेस्रो, राजनीतिमा विकृतिहरू बढे । भ्रष्टाचार बढ्यो । सांसदको खरिद बिक्री भयो । राज्यप्रणाली बढी केन्द्रिकृत भएकाले स्थानीय सहभागिताको गुञ्जाइस नै रहेन ।

चौथो, काङ्ग्रेस उदारवादी तथा सुधारवादी शक्तिबाट यथास्थितिवादी शक्तिमा फेरियो । एमाले क्रान्तिकारी शक्तिबाट सुधारवादी र कतिपय मामलामा यथास्थितिवादी कित्तामा झऱ्यो । सिंहदरबार र त्यसको वरिपरि सरकारमा जानको लागि धेरै खेलहरू भए । राजनीति सत्ता केन्द्रित हुँदै गयो । त्यसले खाली गरिदिएको मैदानलाई माओवादीहरूले उपयोग गर्ने कोसिस गरे ।

जनतालाई परिचालन गरेर स्थानीय समस्याहरू समाधान गर्ने र आन्दोलनलाई तलबाट उठाउने काममा हामी चुकेकै हो । हाम्रो ध्यान सिंहदरबारको कुर्सी प्राप्त गर्नेमा केन्द्रित भएकै हो । नेपाली काङ्ग्रेसको त झन् भन्नै परेन । एकले अर्कालाई उपयोग गर्ने क्रममा काङ्ग्रेसले माओवादी विद्रोह एमाले विरुद्ध लक्षित छ भन्ने ठान्यो भने एमालेले काङ्ग्रेसका कार्यकर्ता मारिएका छन्, यसैले हामीलाई ठीकै छ भन्ने हिसाबले लियो । राजदरबारले यही मौकाको उपयोग गरेर आफू शक्तिशाली हुने नीति लियो । बाह्य शक्तिले चाहिँ आन्तरिक द्वन्द्वबाट राज्य कमजोर भएको अवस्थामा आफ्नो स्वार्थ पूरा गर्न सकिन्छ भन्ने ठान्यो । यस्ता स्वार्थपूर्ण खेलहरूको भूँमरीमा माओवादी जनयुद्धले उर्जा प्राप्त गऱ्यो ।

## वार्ता किन असफल भयो ?

वार्ता सम्बन्धी हरि रोकाको आधारभूत भनाइहरूसँग म सहमत छु तर संरचनागत परिवर्तनको सवालमा माओवादीहरू नै प्रष्ट छैनन् भन्ने मलाई लाग्छ। उनीहरूले पुँजीवादी गणतन्त्रलाई न्यूनतम लक्ष्य बनाएर अगाडि बढौं भन्ने प्रस्ताव गरेका छन्। 'हाम्रो लक्ष्य त जनवाद नै हो तर अहिलेको शक्ति सन्तुलनको अवस्थामा पुँजीवादी गणतन्त्रमा जान तयार छौं' भनेका छन्। पुँजीवादी गणतन्त्रबाट कसरी आर्थिक, सामाजिक रूपान्तरण हुन्छ भन्नेकुरा बताएका छैनन् वा ओझेलमा पारेका छन् ।

गणतन्त्र सबै समस्याको समाधान होइन रहेछ भन्नेकुरा अरू देशका उदाहरणहरूबाट देखिन्छ। इरानका राजा रेजा पहल्वी जनआन्दोलनले गर्दा सत्ताबाट बाहिरिए भन्ने चर्चा खुबै गरिन्छ तर अहिलेको खोमेनिको मध्ययुगीन शासनभन्दा त रेजा पहल्वीको शासन नै बढी उदार थियो। राजतन्त्रको समाप्तिमात्रै सबैथोक होइन। मूलकुरा सामाजिक, आर्थिक रूपान्तरण हो । त्यसमा माओवादीहरू कति प्रष्ट छन् ?

पहिलो वार्ता एउटा ख्याल ठट्टाजस्तै थियो। शेरबहादुर देउवाले गिरिजाप्रसाद कोइरालालाई माथ गर्नको निम्ति गरेको एउटा प्रहसन थियो त्यो । त्यसमा कुनै तयारी तथा स्पष्टता थिएन। दोस्रो वार्तामा आइपुग्दासम्म राज्यले माओवादी समस्याको गम्भीरता महसुस गरिसकेको थियो । सैनिक परिचालन तथा सङ्कटकालजस्ता अचूक ब्रम्हास्त्र प्रयोग गर्दा पनि माओवादीलाई ठेगान लगाउन नसकेपछि नयाँ ढङ्गले अगाडि नबढी हुँदैन भन्ने पाठ राज्यले सिकिसकेको थियो तर पनि पर्याप्त तयारी थिएन। त्यतिबेला माओवादीहरूको प्रक्षेपण पनि गलत ठहरियो। पार्टीहरूसँग सत्ता बाँढफाँड गर्न तयार नभएका राजा कसरी माओवादीसँग टुङ्गोमा पुग्लान् ? त्यो कुरा प्रष्ट थिएन । यस्तै

अविश्वासहरूबीच वार्ता भाँडियो तर यसको अर्को पाटो पनि छ। त्यो वार्ता असफल हुनुको एउटा कारण पार्टीहरूको सहभागिता नहुनु पनि हो।

पार्टीहरूले सरकारको बैधानिकताको प्रश्न उठाए। उनीहरूको विचारमा तत्कालीन सरकार प्रतिगमनको उपज थियो र त्यसले सुरु गरेको वार्तामा गएर सरकारलाई बैधानिकता दिनुहुँदैन भन्ने थियो। तर मेरो विचारमा मुलुकको भविष्य फैसला गर्ने मुख्य मुद्दाबाट पार्टीहरू अलग बस्नु हुँदैनथ्यो। शाही नेपाली सेना ब्यारेकबाट पाँच किलोमिटरको क्षेत्रमा सीमित रहने भन्ने निर्णयमा विवाद भएपछि वार्ता अगाडि बढ्न सक्ने स्थिति थिएन। माओवादीहरू त्यतिबेला ठूलो सङ्कटमा थिए। वार्ता छोडेर जङ्गल जान पनि सजिलो थिएन। ठीक त्यो समयमा आफ्नो पृथक् पहिचान सहित पार्टीहरूले वार्ता प्रक्रियामा हस्तक्षेप गर्न सकेको भए एउटा परिणाम आउँथ्यो कि भन्ने मलाई लाग्छ।

द्वन्द्वको राम्रो विश्लेषण गरियो भनेमात्र समस्याको समाधानमा पुग्न सकिन्छ। मेरो विचारमा अहिले हामी तीन खालको राजनीतिक द्वन्द्वमा फसेका छौं। पहिलो, असोज १८ देखि सुरु भएको राजतन्त्र र प्रजातन्त्रबीचको द्वन्द्व। गगन थापाहरूले उठाउनु भएको 'प्रजातन्त्रको लागि अब कति पुस्तासम्म लड्ने' भन्ने प्रश्नले मलाई साँच्चि नै छोएको छ। पार्टीहरूले यसको उचित जवाफ दिन सक्नुपर्छ।

दोस्रो, मुख्य द्वन्द्व राजा र माओवादीबीच हो।

तेस्रो, अलि कम चर्चा हुने गरेको वा दुवै द्वन्द्वसँग जोडेर चर्चा गर्ने गरिएको सामाजिक द्वन्द्व। हाम्रो राज्यको ढाँचा पितृसत्तात्मक छ। यो केन्द्रिकृत छ र यसले विभिन्न भूगोलहरूबीच अन्तरविरोध जन्माएको छ। नीति

निर्माण तहमा खास जाति विशेषको नियन्त्रणले जातीय अन्तरविरोधहरू खडा गरेको छ ।

यी तीनओटा द्वन्द्वको एकीकृत समाधान खोज्नुपर्छ । माओवादी समस्याको मात्रै अलग समाधान सम्भव छैन ।

राज्यको पुनर्संरचना नगरी शासन प्रणालीको परिवर्तनले मात्र समस्याको समाधान हुन सक्दैन । यो कुरामा म हरि रोकासँग सहमत छु । शासन प्रणालीको मात्रै कुरा गर्ने हो भने २०४६ सालको परिवर्तन पर्याप्त छ । धेरै कुराहरूको लागि त्यसले ठाउँ दिएको छ तर सामाजिक, आर्थिक परिवर्तन गरेर राज्यको संरचना फेर्न नसक्दा १२ वर्षमै खोलो फर्कियो । हामी आज किनारामा आईपुगेका छौं । अहिले देशका तीन प्रमुख शक्तिहरू एकले अर्कोलाई खत्तम गर्न सक्ने अवस्थामा छैनन् । यी तीनै शक्तिहरू अटाउन सक्ने ढाँचाको परिकल्पना गर्नुपर्ने हुन्छ, जहाँ प्रजातन्त्र सुदृढ होस् ।

मेरो विचारमा विगतका अनुभवबाट निम्न पाठ सिक्नसकिन्छ :

- ♣ नयाँराज्य संरचना बाहेक अब अर्को विकल्प छैन । जति ढिलो हुन्छ, त्यसको लागि चुकाउनु पर्ने मूल्य बढ्दै जान्छ ।
- ♣ वार्ता प्रक्रियामा राजनीतिक दलहरूको सहभागिता निकै आवश्यक छ ।
- ♣ वार्ता प्रक्रियामा जनताको व्यापक सहभागिता हुनु पर्दछ ।
- ♣ बाह्य संलग्नता कसरी गराउन सकिन्छ भन्नेबारेमा सोच्नु पर्दछ ।